# फागुनभरिमा योजनाको काम सक्न शिक्षामन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता



**बलेवा–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले निर्वाचन तोकिएकै समयमा हुने भएकाले फागुन महिना भरिमा सञ्चालित योजनाको काम सक्न निर्देशन दिएका छन् । आइतबार मन्त्री पौडेलले जिल्लामा रहेका कार्यालयका प्रमुखसँग छलफल गरी कानुनअनुसार निर्वाचन तोकिएकै समयमा हुने भएकाले फागुन महिनाभरिमा सञ्चालित धेरै योजनाको काम सक्न कार्यालय प्रमुखलाई निर्देशन दिएका हुन् । उनले भने, 'अब नयाँ बजेट आउने बेला भइसकेको छ, तपाईंहरू पुरानो काम छिट्टो सिध्याउनुस् ।' उनले छलफलमा बाग्लुङका कार्यालय प्रमुखलाई बजेट थप गर्नुपर्ने नयाँ तथा पुराना योजनाको विवरण तत्काल माग गरेका हुन् । उनले रकमान्तर र नयाँ बजेट निर्माणको तयारी सुरु भएकाले तत्काल गर्नुपर्ने काम केही भए तत्काल लेखेर पठाउन आग्रह समेत गरे । उनले भने, 'रकमान्तर र नयाँ बजेट निर्माणको तयारी सुरु भएकाले नयाँ योजना ल्याउनुस् ।'

अर्थ मन्त्रालयले फागुनको पहिलो साता रकमान्तर गर्ने र सोही समयबाट नयाँ बजेटको तयारी हुने भएकाले योजना माग गर्नुपरेको उनको भनाइ थियो । कार्यालय प्रमुखसँग मन्त्री पौडेलले थप्नुपर्ने योजनाको विवरण मागे । नयाँ तथा पुराना योजनाबारेमा छलफल गरी बजेट थप्न लगाउने उनले आश्वासन दिए ।

जिल्लामा झलुङ्गे पुलको समस्या समाधान हुँदै गएकाले नयाँ बनाउनुपर्ने ठाउँको अध्ययन गर्न सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन दिए । उनले गलकोट-मल्म जोड्ने पक्की पुल निर्माणमा ढिलाइ भएको भन्दै त्यसको अनुगमन गरी कामअघि बढाउन सम्बन्धित कार्यालयलाई निर्देशन दिँदै आलु, मकै तथा अन्य कृषिसम्बन्धी योजनामा बजेट विनियोजन गर्नुपरे योजनाको नाम टिपाउन आग्रह गरे । नयाँ बजेटका लागि योजना आयोगसँग छलफल चलिरहेको भन्दै रणनीतिक योजना, विद्यालय, मोटरबाटोलगायत पूर्वाधार निर्माणका लागि कुन योजनामा कति रकम विनियोजन गर्ने लिपीबद्ध गरी टिपाउन मन्त्रीले निर्देशन दिए । बुर्तिबाङ प्राथमिक अस्पताललाई जिल्ला अस्पताल बनाउने प्रक्रिया रहेको भन्दै आवश्यक प्रक्रिया जुटाउने काम भइरहेको उनले बताए ।

# गठबन्धनबारे पार्टीको स्पष्ट धारणा हुनुपर्छ : नेता पौडेल

■ प्रभाव संवाददाता

**गण्डकी–** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले दलहरूबीचको गठबन्धनबारे पार्टीको स्पष्ट धारणा हुनुपर्ने बताएका छन् । नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यालयको आइतबार पोखरामा उद्घाटन गर्दै उनले चुनाव लड्नका लागि नभई जित्नका लागि हुनुपर्ने भएकाले पार्टी संगठनको विद्यमान अवस्थासमेतलाई दृष्टिगत गरी अघि बढ्नुपर्ने बताए ।

उनले योगदान, क्षमता र दक्षताको पहिचान गर्ने गरी उम्मेदवार पहिचानको अभियान थाल्न पनि आग्रह गरेका छन् । उनले भने, 'पार्टीमा मेरो वा तेरो नभनी योगदान, क्षमता र दक्षताको पहिचान गर्ने गरी उम्मेदवार पहिचान गर्नुहोस् ।'

गण्डकी प्रदेशलाई कृषि, पर्यटन र ऊर्जाका माध्यमबाट समृद्ध बनाउन सकिने जनाउँदै उहाँले यसको उपयोग गर्न नसकिएको बताए । गण्डकीले राज्यलाई धेरै योगदान दिए पनि राज्यबाट विशेष सहुलियत पाउन नसकेकोमा दुखेसो व्यक्त गरे । उनले आफैँमा एकले अर्काको खुट्टा तान्ने प्रवृत्तिका कारण पनि स्वयं बाधक भएको हुनसक्नेमा जोड दिँदै एमसिसी जस्ता विषयमा जनतालाई स्पष्ट पार्न यथार्थता बुझाउनुपर्ने सुझाव दिए ।

संघीय संरचनाअनुसार बनेको पार्टीको प्रादेशिक समितिले कार्यालय स्थापना गरी आफ्नो काम थाल्नु प्रशंसनीय भएको बताउँदै पौडेलले आसन्न निर्वाचनमा पार्टीलाई पहिलो बनाउने गरी संगठन मजबुत बनाउने गरी लाग्न आग्रह गरे ।


## पर्सा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पर्सा, सर्लाही
### प्रदेश नं. १ नेपाल

## आशयपत्र सम्बनधीमा सूचना

प्रकाशित मिति: २०७८/१०/२४

यस पर्सा गाउँपालिकाबाट तपसिल बमोजिकको मितिको निशुल्क स्वास्थ्य सेवाको लागि औषधी खरिद कार्यको सिलबन्धी दरभाउपत्र आह्वान सूचना प्रकाशन अनुसार सिलबन्धी दरभाउपत्र मध्ये तपसिल बमोजिमको सिलबन्धी दरभाउपत्रदाताले न्यूनतम् मूल्याकित सारभुत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि यो ७ (सात) दिने प्रकाशन गरिएको छ ।

| सि. नं. | कामको विवरण | प्रकाशित सूचना मिति | फर्म/वा सप्लार्यको नाम, ठेगाना | कबोल अंक ( मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | निशुल्क स्वास्थ्य सेवाको लागि औषधी खरीद | २०७८/०९/२१ | नयन मेडिको फर्मा भक्तपुर | २८,३८,५३१.८० |

**प्रमुख प्रशासकीय अधिकृत**



## हार्दिक श्रद्धाञ्जली



जन्म:
वि.सं. २००९/०७/०९

स्वर्गारोहण:
वि.सं. २०७८/१०/१२

**स्व. बाबुराम अधिकारी**

आँबुखैरेनी गाउँपालिका वडा नं. १ सत्रसय निवासी अग्रज व्याक्तित्व तथा हाम्रा प्रात: स्मरणिय **बावुराम अधिकारी**को असामयिक तथा अकल्पनीय स्वर्गारोहण भएकोमा हामी अत्यान्त शोकबिह्वल तथा मर्माहत छौ ।
दिवंगत आत्माको स्वर्गारोहण भएको १३औं दिनको पुन्यतिथीमा आत्माको चिरशान्किो कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दु:खद घडिमा हामिप्रति साहनुभुति प्रकट गर्नुहुने सम्पुर्ण हितैषी, साथिभाई, इष्टमित्र, छरछिमेकी तथा आफन्तजनहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ ।

**पिता**
स्व. टुकुदत्त अधिकारी

**माता**
नन्दमाया अधिकारी

**श्रीमती**
विष्णुमाया अधिकारी

**छोराहरु**
नवराज अधिकारी
विनय अधिकारी

**बुहारीहरु**
पुर्णकला अधिकारी
पुष्पा रोक्का

**छोरीहरु**
बिद्या अधिकारी
सुमित्रा अधिकारी

**ज्वाईहरु**
भोला शाह
चोवाकान्त भुसाल

**तथा**
**सम्पुर्ण अधिकारी परिवार**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KUWAIT MOTOR SPORTS CLUB**

पूर्व स्वीकृति मिति : २०७८/१०/२३ | LT No 257599 | चलानी नं.६०१७४०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secretary | 1 | 0 | 200 | ७८,८७० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners | 6 | 0 | 95 | ३७,४६५ | | | | | | | |
| 3 | Light Driver | 1 | 0 | 170 | ६७,080 | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा फागुण २ गते (14th Feb. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-4383350/4382095
9841887602, Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



## बडिमालिका नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### मार्तडी, बाजुरा
### सुदुरपश्चिम प्रदेश नेपाल

## बोलपत्र आह्वानसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति: २०७८ । १० । २४

यस कार्यालयको बोलपत्र न. (BMO/WORK/BAJURA/NCB/04/078–079) र (BMO/WORK/BAJURA/NCB//05/078–079) सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेबसाइट www.bolpatra.gov.np/egp. मा प्रकाशित भइसकेकोले विस्तृत विवरण सोहि वेबसाइटमा हेरी तोकिएको समयभित्र बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।



## Invitation for Bids

### *Triveni Municipality*
### Office of the Municipality
### Toli, Bajura
### Sudurpaschhim Province, Nepal

*Invitation for Bids for the* **Kimni health center and birthing center Construction**

Contract Identification No: **TM/NCB/W/03/2078-079**

**Date of publication: 2078-10-24 (Feb-7,2022)**

1. ***Office of Triveni Municipality,Toli, Bajura*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Kimni health center and birthing center Construction** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Office of Triveni Municipality,Toli, Bajura, EmailD:itotrivenimun@gmail.com,*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder Shall have the option of Submitting their Bid Electronically Only.Submission of Hard Copy Bids Shall Not be Entertained.Bidder may Download the Bidding Documents for e-submission form PPMO's Website www.bolpatra.gov.np./egp,Biddersubmitting their bid electronically, should deposit the cost of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned Copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Nepal Bank Ltd., Triveni Branch, Bajura,**
   **Name of Office : Triveni Municipality Office ,Toli, Bajura**
   **Khata Type. :Rajswo Khata**
   **Office Account no.: 26803000001001000001**
4. Electronic Sealed bids must be submitted to the ***Office of Triveni Municipality, Toli, Bajura*** through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 Hrs** on ***2078-11-25(March-09,2022)***. Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend **14:00 Hrs** on ***2078-11-25 (March-09, 2022)*** at the ***Office of Triveni Municipality, Toli, Bajura***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Office of the Triveni Municipality , Toli-Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
8. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
9. If bidder wish to submit the bid security in the form of cash, bidder has to deposite cash in **dharauti account no 26803000000003000001 of Triveni Municipality, Toli, Bajura** at **Nepal bank Ltd. Triveni branch Bajura** and submit bank deposit voucher along with a bid.

**Details of Works**

| Discription of works | contract identification No. | Total Amount Excluding VAT | Bid Security Amount Nrs. | Bid Security Validity Period | Fee for Bid Documents | Remarks |
|---|---|---|---|---|---|---|
| Kimni Health Center and Birthing center Construction | TM/NCB/W/03 /2078-079 | 2856155.57 | 75000 | Validity up to 120 days from the last date of bid submission | 3000.00 | |